नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १९२ २०८२ साल फागुन १९ गते मंगलबार (3 Mar2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वन क्षेत्रका लागि जेसी ... ३ पृष्ठमा : निष्पक्ष निर्वाचनका लागि ... ३ पृष्ठमा : इजरायल-इरान द्वन्द्व क्षेत्रभरि ...

# सेनाद्वारा जिल्लाभर संयुक्त गस्ती सुरु





**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

प्रतिनिधि सभा सदस्य निर्वाचन शान्तिपूर्ण, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेनाको बरखगणले आइतवार साँझदेखि सप्तरी जिल्लाभर संयुक्त गस्ती सुरु गरेको छ ।

नेपाली सेनाले हाई-मोबिलिटी तथा लाईट ट्याक्टिकल भेहिकल, अत्याधुनिक प्रविधियुक्त साधन, बख्तरबन्द सवारीसाधन र अतिरिक्त सुरक्षाकर्मी परिचालन गरी जिल्लाका २ सय ९६ मतदान स्थललाई लक्षित गर्दै गस्ती थालेको हो ।

यस जिल्लामा रहेका २ सय ९ अति संवेदनशील, ८३ संवेदनशील र ४ सामान्य मतदानस्थलको २४ सौं घण्टा निगरानी, नियमित पेट्रोलिङ, मतदान स्थलको अवस्थाको मूल्यांकन तथा सम्भावित अवाञ्छित गतिविधि रोकथाम गर्ने उद्देश्यले गस्ती थालिएको राजविराजस्थित बरखगणका गणपति प्रमुख सेनानी सोवित वहादुर चन्दले जानकारी दिए ।

यसले जिल्लाका आम नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनुका साथै सुरक्षा संयन्त्रबीचको समन्वयलाई थप प्रभावकारी बनाउने उनले बताए । शान्तिपूर्ण र भयरहित निर्वाचन सम्पन्न गराउन निर्वाचन अवधिभर सुरक्षा व्यवस्थालाई उच्च प्राथमिकतामा राखिने बरखगणले जनाएको छ ।

# आगलागीमा तीन घर जलेर नष्ट, सात लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं. १ स्थित बैरवामा आगलागी हुँदा तीन घर जलेर नष्ट भएको छ ।

उक्त आगलागिमा स्थानिय ईसलाम मंसुरी, ईनुस मंसुरी र खुदरत मंसुरीको घर जलेर नष्ट हुँदा सात लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

ईसलाम मंसुरीको घरमा बालेको घुरबाट आइतबार अचानक आगो सल्किएर आगलागि हुँदा ईसलामको जस्ताको छानो भएको कच्ची घर, घर भित्र रहेको अन्नपात, लत्ताकपडा पुर्ण रुपमा जलेर नष्ट हुँदा एक लाख पचास हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

आगलागिमा सोही ठाउँका ईनुसको जस्ताको छानो भएको कच्ची घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा पुर्ण रुपमा जलेर नष्ट भएर दुई लाख पचास हजार र खुदरत मंसुरीको जस्ताको छानो भएको कच्ची घर, घर भित्र रहेको अन्नपात, लत्ताकपडा पुर्ण रुपमा जलेर नष्ट हुँदा तीन लाख बराबरको क्षति भएको हो ।

आगो नेपाल प्रहरी, दमकल र स्थानियको सहयोगमा नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# लागुऔषध गाँजासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरीको बलानबिहुल गाउँपालिकाबाट प्रहरीले लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

गाउँपालिकाको वडा नं. २ स्थित दिगियाबाट आईतबार राति विशेष सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले किशुन देव यादवको निर्माणाधीन तीनतले पक्की घरबाट ५८ किलो लागूऔषधसहित दुईजनालाई नियन्त्रणमा लिएको हो ।

घटनास्थलबाट घरधनी ४५ वर्षीय किशुन देव यादव र घरको दोस्रो तल्लामा सुतिरहेका ४५ वर्षीय सुरेन्द्र यादवलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीको कमाण्डमा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाका लागि धनुषाबाट खटिएका प्रहरी निरीक्षक खेमप्रसाद नेपालको नेतृत्वमा खटिएको टोलीले यादवको निर्माणाधीन तीनतले पक्की घरमा खानतलासी गरेको थियो ।

सो क्रममा घरको तल्लो तलाबाट सेतो प्लास्टिकका तीन बोरा भित्र राखिएको गाँजाजस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका दुवै व्यक्ति, बरामद गाँजा तथा घटनासम्बन्धी सामग्री आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको प्रहरीले जनाएको छ ।

# निर्वाचन प्रचारप्रसार निषेध

काठमाडौँ, १८ फागुन (रासस) ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार सोमबार राति १२ बजेदेखि राजनीतिक दलले गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएकाले सोमबार राति १२ बजेपछि निर्वाचनका प्रचारप्रसार गरी मत माग्न नपाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए । यो क्रम सोमबार राति १२ बजेसम्म जारी हुन्छ । त्यसपछि मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति शान्ति वा निषेध अवधि अनिवार्य हुने र यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

दलले प्रचारप्रसार गर्ने अन्तिम दिन सोमबार हिमाली र पहाडी जिल्लामा फागु पूर्णिमा पर्व परेकाले पर्वसँगै निर्वाचन प्रचारप्रसार भइरहेको छ । निर्वाचनमा भाग लिएका दल र उम्मेदवार सोमबार प्रचारप्रसारमा छन् । राति १२ बजेदेखि सुरु हुने प्रचारप्रसार निषेध अवधिमा कुनै प्रचारप्रसार गरी मत माग्न पाइँदैन । यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ । मतदान हुने दिनको ४८ घण्टाअघि अर्थात् सोमबार राति १२ बजे मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन निषेध गरिएको छ । मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्न नहुने पनि निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ ।

आचारसंहिताको इमान्दारीपूर्वक पालना र कार्यान्वयनले सजग मतदाता तयार पार्न र निर्वाचनको निष्ठा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रवक्ता जिसीले बताउनुभयो । संविधानले प्रदान गरेको अधिकारअनुसार निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण, समन्वय तथा सम्पूर्ण व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ ।

# देशभर मतदाता शिक्षा कार्यक्रम सम्पन्न

काठमाडौँ, १८ फागुन (रासस) ।

निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा जानकारी गराउने र बदर मत घटाउने उद्देश्यका साथ निर्वाचन आयोगले देशभर सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

आयोगले देशभरका ६ हजार ७४३ वटै वडामा एकैपटक मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । आयोगको स्वीकृत कार्यक्रमअनुसार यही फागुन ३ गतेदेखि सुरु भएको मतदाता शिक्षा देशभरका ७५३ स्थानीय तहका सबै वडामा आइतबार सम्पन्न भएको हो । हरेक वडामा मतदाता शिक्षा कार्यक्रमका लागि मतदाता शिक्षा स्वयम्सेवक परिचालन गरिएको थियो ।

निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले मतदाताको घरदैलोमा पुग्न सक्ने र आमनागरिकबीच भिजेका इमान्दार स्वयम्सेवकका कारण यो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको बताउनुभयो ।

*बाँकी तीन पृष्ठमा*

**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।**

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वच्छ निर्वाचन आवश्यक

जनताले आफ्ना प्रतिनिधि छान्ने माध्यम नै निर्वाचन भएको हुँदा यसलाई स्वच्छ, मर्यादित बनाउन पनि उत्तिकै आवश्यक छ। यसको स्वच्छता, निष्पक्षता र पारदर्शितामा कुनै सम्झौता हुन सक्दैन। यदि निर्वाचन प्रक्रिया दूषित भयो भने त्यसले केवल सरकार मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीप्रति नै जनविश्वास कमजोर बनाउँछ। नेपालमा निर्वाचन आयोगले संविधानअनुसार स्वतन्त्र र निष्पक्ष चुनाव गराउने जिम्मेवारी वहन गर्दै आएको छ। आयोगले आचारसंहिता लागू गर्ने, मतदाता नामावली अद्यावधिक गर्ने, अनुगमन गर्ने जस्ता काम गरे पनि व्यवहारमा भने चुनौतीहरू कायमै देखिन्छन्। स्वच्छ निर्वाचनका लागि सबैभन्दा पहिले राजनीतिक दल र उम्मेदवार स्वयं जिम्मेवार हुनुपर्छ। निर्वाचनलाई जित-हारको प्रतिस्पर्धा मात्र होइन, जनमतको सम्मानका रूपमा बुझ्न जरुरी छ। अस्वस्थ प्रतिस्पर्धा, चरित्र हत्या, जातीय-धार्मिक उक्साहट जस्ता गतिविधि रोक्न दलहरू प्रतिबद्ध हुनुपर्छ।

त्यस्तै राज्य संयन्त्रले पनि निष्पक्ष भूमिका निर्वाह गर्नुपर्छ। मतदाताले स्वतन्त्र रूपमा मतदान गर्न पाउनुपर्छ। सञ्चारमाध्यमले सत्य, तथ्य र सन्तुलित समाचार प्रवाह गरेर मतदातालाई सही सूचना दिनुपर्ने दायित्व अझ महत्वपूर्ण छ। स्वच्छ निर्वाचन केवल आयोग वा दलहरूको प्रयासले मात्र सम्भव नहुने गर्दा मतदाता स्वयं सचेत र जिम्मेवार हुनुपर्छ। कुनै प्रलोभन वा झुटा वाचाबाट प्रभावित नभई योग्य उम्मेदवार चयन गर्नु नै लोकतन्त्रप्रति साँचो योगदान हो।

तसर्थ स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन सुनिश्चित गर्न सके मात्र लोकतन्त्र सुदृढ बन्छ र विकास तथा सुशासनको आधार बलियो हुन्छ। त्यसैले स्वच्छ निर्वाचन आजको आवश्यकता हो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वन क्षेत्रका लागि जेसी योजना, लाभ बाँडफाँटमा ३५ प्रतिशत महिला अनिवार्य

**प्रगति ढकाल**

काठमाडौँ, १८ फागुन (रासस)।

वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक भएको छ। वन तथा वातावरण मन्त्रालयले वन र वातावरण क्षेत्रलाई लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री र सामाजिक रूपमा समावेशी बनाउने उद्देश्यसहित जेसी रणनीति तथा कार्ययोजना ल्याएको हो।

एकदशक अवधिका लागि तयार गरिएको उक्त रणनीति तथा कार्ययोजनाले सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी निकाय, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारलाई नीतिगत र संस्थागत रूपमा समावेशी तथा उत्तरदायी बनाउने लक्ष्य लिएको छ।

वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने रणनीति तथा कार्ययोजनाको उद्देश्य रहेको छ।

यसैगरी, वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसीलगायत सीमान्तकृत समुदायको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने योजना पनि रणनीतिमा लिपिबद्ध गराइएको छ।

रणनीतिअनुसार वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली र निर्देशिकालाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ। सबै निकायले जेसी सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, संस्थागत संरचनामा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, कर्मचारी नियुक्तिमा समावेशी सिद्धान्त लागू गर्ने तथा वञ्चित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान रणनीतिमा समेटिएको छ।

सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ।

महिलाको नेतृत्व विकास, कार्यबोझ न्यूनीकरण तथा लैङ्गिक भूमिका परिवर्तनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिने र लाभग्राहीको तथ्याङ्क लैङ्गिक र सामाजिक आधारमा खण्डीकृत रूपमा व्यवस्थापन गरिने रणनीति छ। यसैगरी सम्पन्नता स्तरीकरण र सामाजिक विश्लेषणका आधारमा सीमान्तकृत समुदायलाई बीउ पुँजी उपलब्ध गराई वनमा आधारित उद्यम प्रवर्द्धन गरिने योजना छ।

**कार्यस्थलमा शून्य सहनशीलता**

रणनीतिले वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने स्पष्ट गरेको छ। प्रत्येक संस्थामा आन्तरिक उजुरी समिति गठन गरी लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ। यौनजन्य दुर्व्यवहार (निवारण)सम्बन्धी कानुन तथा आचारसंहितासम्बन्धी अनिवार्य तालिम सञ्चालन गरिने पनि उल्लेख छ।

**लैङ्गिक तथा अपाङ्गमैत्री पूर्वाधारमा जोड**

कार्यालय, आवास, शौचालय तथा अन्य पूर्वाधार निर्माण गर्दा महिला, यौनिक अल्पसङ्ख्यक र अपाङ्गमैत्री सुविधा सुनिश्चित गरिने लक्ष्य राखिएको छ। रणनीतिमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष र महिनावारी मैत्री शौचालय व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

**अनुगमन र कार्यान्वयन**

रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी सम्बन्धित मन्त्रालयले बहन गर्नेछ। प्रत्येक पाँच वर्षमा समीक्षा तथा आवश्यक परिमार्जन गरिनेछ। कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा वन उपभोक्ता समूहले बजेट व्यवस्था गर्ने तथा आवश्यक परे विकास साझेदारसँग सहकार्य गरिने जनाइएको छ।

नयाँ रणनीतिले आगामी दशकमा वन तथा वातावरण क्षेत्रलाई समावेशी, सुरक्षित र न्यायोचित बनाउने अपेक्षा गरिएको छ।

**ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लैङ्गिक सम्पर्क व्यक्ति मञ्जु घिमिरे सुवेदीले जेसी रणनीतिले ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताउनुभयो। "निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्नेछ", उहाँले भन्नुभयो, "स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुनेछ।"

उहाँले वर्तमान सन्दर्भमा वन विज्ञान अध्ययान गर्ने महलिा विद्यार्थी र विभन्न सरकारी तथा गैरसरकारी तहमा महिलाको प्रतिनिधित्व बढ्दो क्रममा रहेका सन्दर्भमा जेसीको नयाँ रणनीति ल्याइएको जानकारी दिनुभयो। सीमान्तकृत समुदायभित्रका एकल महिला, अपाङ्गता भएका महिलालगायत सबैभन्दा पछि परेका समूहसम्म लाभ पुग्ने सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गरिएको घिमिरेको भनाइ छ।

लक्षित कार्यक्रम र बजेट विनियोजनमार्फत विशेष अवसर प्रदान गरिने, जेसी इकाइ तथा अनुगमन संयन्त्रमार्फत कार्यान्वयनको निगरानी गरिने उहाँले बताउनुभयो। साथै, विभेदविरुद्ध शून्य सहनशीलता नीति र अपाङ्गमैत्री पूर्वाधार व्यवस्थाले सुरक्षित र पहुँचयोग्य वातावरण निर्माण गर्ने अपेक्षा गरिएको घिमिरेले जानकारी दिनुभयो। सुरक्षित र विभेदरहित कार्य वातावरणले सहभागिता र उत्पादकत्व बढाउने घिमिरेको भनाइ छ। उहाँका अनुसार रणनीति निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकको उल्लेखनीय सहभागिता थियो।

**रणनीति सकारात्मक, तर प्रभावकारी कार्यान्वयनको आवश्यक छ : एनएफए**

नेपाल वन प्राविधिक सङ्घ (एनएफ) को महासचिव सुनिता उलकले वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक हुनु सकारात्मक कदम भएको टिप्पणी गर्नुभएको छ।

"वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको भूमिका महत्वपूर्ण रहे पनि निर्णय प्रक्रिया र स्रोतसाधनमा पहुँच अझै समतामूलक हुन सकेको छैन", उहाँले भन्नुभयो, "यस रणनीतिले नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने स्पष्ट दिशा दिएको छ।"

यसको प्रभावकारिता प्रभावकारी कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, नियमित अनुगमन र सबै तहका सरोकारवालाको प्रतिबद्धतामा निर्भर रहने उहाँको भनाइ छ।

महासचिव उलकले रणनीति कागजमै सीमित नराखी व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोडसमेत दिनुभयो। "समावेशी नीति कार्यान्वयनमा रूपान्तरण भए मात्रै वन व्यवस्थापनमा वास्तविक परिवर्तन देखिन्छ", उहाँले भन्नुभयो, "अब रणनीतिलाई व्यवहारमा उतार्ने समय आएको छ।"

उलकले सङ्घ वनकर्मीको सञ्जालका रूपमा रणनीतिको सफल कार्यान्वयनका लागि प्राविधिक सहयोग, सचेतना अभिवृद्धि तथा संस्थागत सुदृढीकरणमा सहकार्य गर्न प्रतिबद्ध रहेको जानकारी दिनुभयो।

**सामुदायिक वनमा महिलाको राम्रो सहभागिताले नेतृत्व र रोजगारीमा प्रभाव**

सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) की महासचिव पार्वता गौतमले जेसी रणनीति राम्रो भएको उल्लेख गर्दै प्रभावकारी रुपमा व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो।

"सामुदायिक वनबाट प्राप्त आम्दानी महिलाको क्षमता वृद्धि, वन उद्यममा लगानी, रोजगारी सिर्जना र नेतृत्व विकासमा प्रयोग हुँदै आएको छ", गौतमले भन्नुभयो, "सामुदायिक वन समूह नीतिगत रुपमा महिलाको सहभागितालाई केन्द्रमा राखेर काम गर्दै आएको छ। प्राप्त रकम महिलाको क्षमता विकास, तालिम सञ्चालन, विपन्न वर्गमा लगानी र जीविकोपार्जन सुधारमा खर्च भइरहेको छ र महिलाको नेतृत्व र समावेशी सहभागिता सुनिश्चित गर्न प्रभावकारी कार्यान्वयन अपरिहार्य छ।"

उहाँले विभिन्न सामुदायिक वन उपभोक्ता समूहमा पैसा भए पनि त्यसलाई कहाँ र कसरी खर्च गर्ने भन्ने स्पष्ट मार्गनिर्देशन नभएको भन्दै नीतिको प्रभावकारी कार्यान्वयनका लागि सदस्यलाई सचेत गराउने काम पनि भइरहेको बताउनुभयो।

# आगलागीका घटनामा वृद्धि, सावधानी अपनाउन प्राधिकरणको आग्रह

काठमाडौँ, १८ फागुन (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका अनुसार, यही फागुन १६ गते बिहान १० देखि १७ गते बिहानसम्म देशभर कुल २३ वटा विपद्का घटना घटेका छन्। त्यसमध्ये २२ वटा घटना आगलागीसँग सम्बन्धित थिए। एउटा मात्रै पहिरोको घटना थियो।

सामान्य सावधानी अपनाउँदासमेत जोगिन सकिने आगलागीका कारण धनमालको क्षति भएको प्राधिकरणले जनाएको छ। विपद्मा परेर एक जनाको ज्यान गएको छ भने पाँच जना घाइते भएका छन्। विपद्का कारण रु ५२ लाख ४५ लाख बराबरको क्षति भएको छ।

प्राधिकरणका अनुसार, पाँचथर, झापा, मोरङ, सुनसरी र धनकुटामा आगलागी भएका छन्। यस्तै, सप्तरी, धनुषा, पर्सा र कैलालीका दुई स्थानमा आगलागीका घटना हुँदा सर्लाही, धनुषा, मकवानपुर, काभ्रेपलाञ्चोक, काठमाडौँ, गोरखा, लम्जुङ, पाल्पा र प्यूठानका एक-एक स्थानमा आगलागी भएका छन्।

बिजुलीको तार सर्ट भएको तथा दियो बालेर त्यत्तिकै छाडेका कारण आगलागी भएको जनाइएको छ। हिउँदमा सुक्खा बढी हुनाले आगलागीका घटनामा वृद्धि हुने हुँदा विशेष सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ।

प्राधिकरणका अनुसार यही फागुन १६ गते कुल आठवटा विपद्का घटनामध्ये सातवटा आगलागीका मात्रै थिए। फागुन १५ गते प्राधिकरणमा दर्ता भएका कुल १९ वटा घटनामध्ये १७ वटा घटना आगलागीका थिए। यस आधारमा देशभर आगलागीका घटनामा वृद्धि भएको पाइएको छ।

# निष्पक्ष निर्वाचनका लागि सम्यक सञ्चार

**एकराज पाठक**

काठमाडौं, १८ फागुन (रासस)।

विकसित देशहरुमा मतदाताले आफ्ना उम्मेदवारहरुसँग प्रायः सञ्चारमाध्यम (मिडिया) मार्फत मात्र भेट्ने गर्दछन्। कैयौं देशका उम्मेदवारले आफ्ना योजना, कार्यक्रम अर्थात् एजेन्डा टेलिभिजन बहसका माध्यमबाट राख्ने गरेको पाइन्छ। अहिले त यस्ता बहसका लागि युट्युब लगायत अन्य ‘सोसिलय प्लेटफर्म’ पनि उपलब्ध छन्। अनि जनताले यसैमार्फत् ती उम्मेदवारप्रति धारणा बनाउँछन्। उम्मेदवारका योजना, कार्यक्रमप्रतिको प्रतिक्रिया पनि मिडियामार्फत् नै दिने गर्दछन्। त्यसैले निर्वाचनमा मिडियाको भूमिका माध्यम मात्र नभएर साधन नै हो भन्दा पनि हुन्छ।

चुनावका बेलामा उम्मेदवार, मतदाता र मिडियाका बीचमा त्रिपक्षीय सञ्चार अर्थात् सम्बन्ध स्थापित हुने गर्दछ। मिडिया, मतदाता र उम्मेदवार यो साइकलमा आपसी सम्बन्ध राख्छन् र एकले अर्काप्रति गर्ने सञ्चारको माध्यम नै बन्ने गर्दछन्। मिडिया अन्यत्र पहरेदार बनेजस्तै यहाँ भने मतदाता र उम्मेदवारका विचार प्रवाहका माध्यम र एक अर्काका सेतु बन्ने गर्दछन्। यतिखेर पनि नेपालमा मिडियाको भूमिका यस्तै नै छ। उम्मेदवार र मतदाताबीचका धेरै कुरा मिडिया मार्फत् नै सञ्चार भइरहेको देखिएको छ।

आफूले मत दिनुपर्ने उम्मेदवारको छनोटका लागि हिजो उसले के काम गरेको थियो र भोलिका एजेन्डा र प्रतिबद्धता के हुन् भन्ने जानकारी नागरिक अर्थात् मतदाताले मिडियामार्फत नै लिने गर्दछन्। यी सबै सूचना प्राप्त गर्न तथा उम्मेदवार र मतदाताका बीचमा प्रभावकारी रुपमा सञ्चार गर्न मिडिया बाहेकको अर्को कुनै प्रभावकारी माध्यम नागरिकसामु छैन। त्यसैले निर्वाचनका बेला मिडियाका लागि अलगै आचारसंहिता जारी हुन्छ र मिडियाको भूमिकाको कुशल व्यवस्थापन आवश्यक पनि रहन्छ। चुनावका समयमा नागरिकले आफ्ना राजनीतिक दल या उम्मेदवारप्रतिका अपेक्षा, माग, गुनासा र समस्या राख्ने भरपर्दो माध्यम मिडिया नै हुन्।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलो पटक र त्यसअघिका राष्ट्रपति बाराक ओबामा पनि त्यहाँको सरकारी तहमा अथवा कुनै राजनीतिक दलको उच्च ओहदामा रहेर चिनिएका व्यक्ति थिएनन्। निर्वाचन अभियानमा मतदाताले उनीहरूका विचार, योजना र कार्यक्रमलाई मन पराए र मत दिए। अनि उनीहरुका विचार तथा कार्यक्रमलाई जनतासँग साक्षात्कार गराइदिने काम मिडियाले नै गरेका हामीले देखेका थियौं।

अर्को एउटा फरक प्रसङ्ग के छ भने कतिपय देशमा मिडियाले नै कुनै उम्मेदवारलाई मत दिनुपर्ने तर्क नै अघि सार्ने पनि गरेका हुन्छन्। तर नेपालमा भने निर्वाचनका समयको मिडियाको यो कार्य अपवाद बन्न सक्छ, किनभने यहाँ मिडियाले त्यसो गर्दा कुनै उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिन पनि सक्छन्। कुनै पार्टी या उम्मेदवारलाई मत दिनुपर्ने कारण मिडियाले सार्वजनिक रुपमै प्रस्तुत गरिदिन्छन् तर कुनै पक्षधरता नभएर विषयका आधारमा। मिडियाका ती तर्क र कारणहरु कसैप्रति विभेदपूर्ण हुँदैनन्, तथ्यमा आधारित हुन्छन्। यस्तो कार्य मिडियाले स्वतन्त्र र तटस्थ रुपमा गरेको हुन्छ। मिडियाले सार्वजनिक रुपमा स्थापित गरिदिएको यो परिस्थितिबाट नागरिकलाई पनि आफूले मत दिने उम्मेदवार छन्न सहज हुने गर्दछ। यस कामका लागि मिडियाले कुनै उम्मेदवारलाई धोइ पखाली नगरी जस्ताको तस्तै प्रस्तुत गरिदिन्छ। मिडियाले तर्क या आधारविना नै कुनै पक्ष, उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिएर वकालत गर्न भने मिल्दैन।

यो पनि एक प्रकारको मतदाता शिक्षा नै हो र यसले नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार कसरी प्रयोग गर्ने भनेर जानकारी प्रदान गर्ने गर्दछ। मिडियाले हरेक नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अथवा निर्वाचनमा मतदान गर्ने तरिकाका बारेमा शिक्षा प्रदान गर्दछ। यसमा दुई प्रकारको सन्देश हुन्छ। पहिलो नागरिकले किन आफ्नो मताधिकार प्रयोग गर्ने भन्ने हुन्छ भने अर्को प्रक्रियागत रुपमा नै मतदान कसरी गर्ने भनेर दिइने जानकारी समेटिएको हुन्छ। यी दुई सन्दशेमा नै सही र राम्रो विधायक किन र कसरी छान्ने भन्ने कुरा पनि पर्दछ।

निर्वाचन प्रक्रियाको रिपोर्टिङ गर्ने क्रममा नै राजनीतिक पार्टी र उम्मेदवारलाई मतदातासँग संवाद गर्ने अवसर मिडियाले जुटाइदिन्छन्। सर्वसाधारणले आफ्ना जिज्ञासा र गुनासा, सरोकार, विचार र आवश्यकताका बारेमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन गर्ने निकाय, सरकार तथा आफूजस्तै मतदातालाई जानकारी दिने र आपसी अन्तर्क्रिया गर्ने अवसर पनि मिडियाले नै प्रदान गर्ने गर्दछन्।

यसरी मिडियाले सामाजिक उत्तरदायित्वको सिद्धान्तको आत्मसात गरी निर्वाचनका समयमा काम गर्ने गर्दछ। निर्वाचन प्रणालीबारे साक्षरता बढाउने विधिका रूपमा पनि मिडियाको भूमिका रहन्छ। कम मत खस्ने तथा खसेका मतमध्ये पनि कतिपय मत बदर हुने जस्ता समस्याको समाधान गर्न मिडियाले प्रशिक्षकको भूमिका मार्फत योगदान गर्न सक्छ।

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाइराख्न आवधिक निर्वाचन अनिवार्य सर्त हो। जब कुनै पनि बहाना खोजेर निर्वाचन ‘आज नगरौं पछि गरौं’ भन्ने प्रपञ्चमा कुनै सरकार लाग्छ भने त्यो सरकारमा स्वतः लोकतान्त्रिक आचरणको कमी देखिन्छ। भनिन्छ, प्रजातन्त्रमा जनताले निर्वाचित नगरेका कुनै व्यक्तिले शासन गर्न पाउँदैनन्। दुनियाँमा विद्यमान लोकतन्त्रको मान्यता पनि यही होर।

लोकतन्त्रलाई जीवन भर्न आवश्यक पर्ने केही तत्वमध्ये निर्वाचन सबैभन्दा महत्वपूर्ण र अत्यावश्यक तत्व हो। अनि आवधिक निर्वाचनलाई निष्पक्ष रूपमा सफल बनाउन सुसूचित नागरिकको सहभागिता पनि त्यत्तिकै आवश्यक पर्दछ। त्यसैले निर्वाचनका समयमा मिडियाको महत्व रहेको हुन्छ।

विश्वका बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था भएका लोकतान्त्रिक राज्यमा स्वीकारिएको मत र विधि निर्वाचन नै हो। त्यसैले निर्वाचन र यससँग जोडिने हरेक प्रक्रियामा मिडियाको भूमिका महत्वपूर्ण र संवेदनशील रहने गर्दछ। मतदाताको मत दिने अधिकार हो भने उम्मेदवारको मत माग्ने अधिकार। यी दुवै अधिकारको सम्मान मिडियाबाट पनि सम्यक रुपमा हुनुपर्दछ। कुनै उम्मेदवारले आफ्नो मतमाग्ने अधिकार प्रयोग गरेको अवस्थालाई पक्षधरता लिएर माथि पुर्‍याइदिने र अर्को कुनै उम्मेदवारले त्यही अधिकार प्रयोग गर्दा त्यसमाथि उपेक्षा गरिदिने जस्ता मिडियाका व्यवहार असन्तुलित ठहरिन्छन्।

किनभने त्यहाँ मतदाता एकैथरि छन् तर उनीहरुसँग मत माग्ने उम्मेदवार भने कैयौं छन्। चुनावका बेलामा मिडियाले पुर्‍याउनुपर्ने खास विवेक भनेकै यही हो। जुन पक्षधरताविहीन हुनुपर्दछ र सबै दल, उम्मेदवार र मतदाताप्रति सन्तुलित र सम्यक दृष्टिकोण राख्नुपर्दछ।

अघिल्लो अर्थात् विसं २०७९ को प्रतिनिधिसभाको निर्वाचनलाई पनि एउटा सफलताको कथाका रुपमा हामीले लिन सक्दछौं। किनभने शान्ति सुरक्षासहित एकैदिन देशभर मतदान, निष्पक्ष निर्वाचन, पर्चा पम्प्लेट बिना नै देशव्यापी रुपमा गरिएको चुनाव प्रचार, सामाजिक सञ्जालमा देखिएको मिथ्या सूचना र भ्रमपूर्ण अभिव्यक्तिको नियन्त्रण त्यस चुनावका राम्रा उदाहरणहरु हुन्। मिडियाले यी राम्रा उदाहरणलाई सफलताका कथाका रूपमा प्रचार गरिदिने हो भने यसले निर्वाचनसम्बद्ध निकाय र कर्मचारीलाई अबका निर्वाचनमा पनि राम्रा र सकारात्मक उदाहरणलाई अनुसरण गर्न प्रेरणा मिल्नेछ। त्यसैगरी पछिल्लो समयमा घट्दै गएको बदर मत सङ्ख्या तथा राजनीतिक दलहरुले आफैंले आफ्ना निर्वाचन क्षेत्रमा पुगेर दिएका जानकारीहरु पनि निर्वाचनका सकारात्मक उदाहरण हुन्।

त्यसैले निर्वाचनका समयमा मिडिया आफैं स्वतन्त्र र निष्पक्ष हुनु जरुरी छ। कतै ढल्किएको या तर्किएको मिडियाका कारण निर्वाचनको निष्पक्षतामाथि नै असर गर्न सक्छ। मिडियाको तागत निष्पक्षता, स्वतन्त्रता र निर्भयतामा नै छ। कसैको लोभलालचमा फसेको मिडियासँग दरिलोसँग प्रश्न गर्ने दम नै हुँदैन। अभाव, दबाब र प्रभावबाट मुक्त मिडियाले मात्र सही प्रश्न उठान गर्न सक्छ र सामाजिक चेतनाका लागि जनता जगाउन सक्छ। अनि यस्ता मिडियाले मात्र मुलुकमा निष्पक्ष निर्वाचनका लागि सघाउन सक्छ।

यसकारण मिडिया सदैव स्वतन्त्रता भन्ने शब्दसँगै जोडिएर आउने गर्दछ। स्वतन्त्रता र निष्पक्षता मिडियाको स्वभाव र कामका पर्यायवाची शब्द हुन्। कुनै खेलका ‘रेफ्री’ ले जति निष्पक्षतापूर्वक खेल सञ्चालन गर्न सघाउँछ त्यति नै त्यो खेल मर्यादित भएजस्तै मिडियाले पनि ‘रेफ्री’को भूमिका निर्वाह गर्नसक्दा सामाजिक मर्यादा कायम रहन्छ। निर्वाचनका बेलामा पनि मिडियाको यस्तै भूमिका सर्वत्र अपेक्षित हुन्छ।

समग्र मिडिया एवं सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि आजका दिनमा बुझ्नुपर्ने कुरा के हो भने अहिलेको निर्वाचन फरक र विशेष खालको हो। हुनत सबै निर्वाचनले कुनै न कुनै सन्देश र फरक अवस्था या प्रसङ्ग बोकेकै हुन्छ। तर पनि देशमा भएका धेरै पटक र खालका आन्दोलनमध्ये गत भदौमा भएको आन्दोलन फरक विषय र परिवेशको थियो। कुनै राजनीतिक पार्टीले अघि सारेको नभएर जेनजी पुस्ताले थालेको आन्दोलनबाट नै राज्यसत्तामा ठूलो परिवर्तन आयो र अहिले त्यो आन्दोलनको छ महिनामा नै निर्वाचन हुन गइरहेको छ।

सो आन्दोलनले शासन सत्तामा युवा पुस्ताको सहभागिता र सुशासनको प्रत्याभूतिको माग अघि सारेको थियो। यिनै दुई परिस्थितिको आवरणभित्र यो चुनाव हुन गइरहेको छ। त्यसैले यो चुनाव आवधिक नभएर आकस्मिक हो र सहज नभएर असहज अवस्थामा हुन गइरहेको छ। यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनमा जस्तो तयारीका लागि आवश्यक समय पनि थिएन। यसकारण पनि यो निर्वाचनको विशेषता र विशिष्ठता बुझेर देशका मिडिया तथा सबै राज्य संयन्त्रले आवश्यक सहयोग गर्नुपर्ने अवस्था छ।

### देशभर मतदाता ...

उहाँले महिला स्वास्थ्य स्वयम्सेविकाको योगदानको प्रशंसा गर्दै लक्षित कार्यक्रम सफल भएको उल्लेख गर्नुभयो।

मतदाता शिक्षा प्रदान गर्न स्वास्थ्य स्वयमसेविकालाई २०७९ को आम निर्वाचनदेखि जिम्मा दिन थालिएको थियो। यस पटक पनि यस प्रयोजनका लागि उनीहरूहरूलाई नै जिम्मेवारी दिइएको थियो।

आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे जानकारी दिइएको आयोगले जनाएको छ। मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरणसमेत गरेको थियो। मतदाता शिक्षा सम्पन्न गरी स्वयंसेवकले आयोगमा प्रतिवेदन बुझाउने जनाइएको छ।

## विश्व समाचार

### इजरायल-इरान द्वन्द्व क्षेत्रभरि फैलियो

बेरुत (लेबनान), १८ फागुन (रासस/एएफपी)।

इजरायलले इरान समर्थित हिजबुल्लाहका लक्ष्यहरूमा लेबनानभरि व्यापक बमबारी गरेपछि इजरायल, इरान र उसका सहयोगी समूहहरूबीचको द्वन्द्व मध्यपूर्वभरि फैलिएको छ। अमेरिकी समर्थनमा इरानमाथि भएको ठूलो आक्रमण र इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीको हत्यापछि सुरु भएको तनावले क्षेत्रीय युद्धको रूप लिने सङ्केत देखिएको छ।

तेहरान समर्थित शिया आन्दोलन हिजबुल्लाहले खामेनीको हत्याको बदलामा इजरायलतर्फ रकेट तथा ड्रोन प्रहार गरेको दाबी गरेपछि इजरायली सेनाले बेरुतसहित दक्षिणी लेबनानमा तीव्र आक्रमण गरेको जनाएको छ। सिडोन क्षेत्रमा सर्वसाधारण घर छाडेर भागेका छन् भने राजधानी बेरुतमा बिहानै विस्फोटका आवाज सुनिएको थियो।

यसैबीच अमेरिकी सेनाले इरानभित्रका रणनीतिक लक्ष्यहरूमा कारबाही विस्तार गरेको छ। वासिङ्टनले इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को मुख्यालय ध्वस्त पारेको जनाएको छ। इरानले त्यसको जवाफमा इजरायल, संयुक्त अरब इमिरेट्स, कतार, बहराइन र अन्य खाडी मुलुकतर्फ मिसाइल तथा ड्रोन प्रहार गरेको छ। तेल अबिव नजिक र बेत सेमेश क्षेत्रमा भएको आक्रमणमा कम्तीमा नौ जनाको मृत्यु भएको र दर्जनौं घाइते भएका छन्। जेरुसेलममा पनि घाइते भएका छन्।

दोहा, दुबई र मानामामा समेत विस्फोटका खबर आएका छन्। खाडी क्षेत्रमा भएका जवाफी आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको पुष्टि गरिएको छ। इरानभित्र रेड क्रिसेन्टका अनुसार पछिल्लो आक्रमणमा २०१ जनाको मृत्यु भएको छ भने सयौं घाइते भएका छन्। इरानी न्यायपालिकाले खामेनीका सल्लाहकार अली शामखानी र रिभोलुसनरी गार्ड्सका प्रमुख जनरल मोहम्मद पाकपुर मारिएको पुष्टि गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहिलो अमेरिकी सैनिकको मृत्युको बदला लिने बताउँदै कारबाही अझ कडा हुने चेतावनी दिनुभएको छ। पेन्टागनका अनुसार ‘एपिक फ्युरी’ नामक अपरेसनमा तीन अमेरिकी सैनिक मारिएका छन्। ट्रम्पले इरानी सुरक्षा बललाई हतियार त्याग्न आह्वान गर्दै प्रतिरोध गरे ‘निश्चित मृत्यु’ हुने चेतावनी दिनुभएको छ।

तर इरानका सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुख अली लारिजानीले अमेरिका सँग कुनै वार्ता नहुने स्पष्ट पार्नुभएको छ। राष्ट्रपति मसुद पेजेस्कियानले खामेनीको हत्या मुस्लिमविरुद्धको युद्धको घोषणा भएको बताउँदै बदला लिने अधिकार सुरक्षित रहेको जनाउनुभएको छ। खामेनीको मृत्युपछि आयातोल्लाह अलिरेजा अराफीलाई अन्तरिम नेतृत्व परिषद्या जिम्मेवारी दिइएको छ।

यसबीच लेबनानका प्रधानमन्त्री नवाफ सलामले हिजबुल्लाहको रकेट प्रहारलाई गैरजिम्मेवारपूर्ण कदम बताउँदै यसले देशलाई थप जोखिममा पारेको प्रतिक्रिया दिनुभएको छ। पाकिस्तानको कराचीमा अमेरिकी वाणिज्य दूतावासमा आक्रमण प्रयास भएको छ भने १७ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन्।

इजरायल र अमेरिकाले इरानका नागरिकलाई शासनविरुद्ध उठ्न आह्वान गरेका छन्। शाहका छोरा रेजा पहलवीले पनि सही समय कुर्न आग्रह गर्नुभएको छ। खामेनीको मृत्युलाई लिएर इरानभित्र मिश्रित प्रतिकिया देखिएको छ–कतै उत्सव, कतै अमेरिका विरोधी प्रदर्शन।

तेहरानको आणविक कार्यक्रमबारे वार्ता चलेको दुई दिनमै भएको यो सैन्य टकरावले होर्मुज जलडमरूमध्यमा असर पारेको छ। इरानले जलमार्ग बन्द गर्ने चेतावनी दिएपछि जहाजमाथि आक्रमण भएका छन् र विश्व तेल बजारमा मूल्य वृद्धि भएको छ। अमेरिकी दाबी अनुसार नौ इरानी नौसैनिक जहाज डुबाइएका छन्, यद्यपि इरानले अमेरिकी विमानवाहक युएसएस अब्राहम लिङ्कनलाई निशाना बनाएको दाबी गरेको छ, जसलाई पेन्टागनले अस्वीकार गरेको छ।

यसरी इजरायल-इरान तनाव सीमित टकरावबाट क्षेत्रीय सङ्घर्षतर्फ उन्मुख भएको देखिएको छ, जसले मध्यपूर्वको सुरक्षा सन्तुलन र विश्व अर्थतन्त्र दुवैलाई गम्भीर असर पार्ने सङ्केत दिएको छ।

### अफगानिस्तानद्वारा पाकिस्तानका प्रमुख सैन्य अड्डाहरूमा आक्रमण

काबुल (अफगानिस्तान), १८ फागुन (रासस/एएनआई)।

अफगानिस्तान र पाकिस्तान बिच बढ्दो सीमापार तनावको बीचमा, अफगानिस्तानको रक्षा मन्त्रालयले रावलपिन्डीको नुर खान एयरबेससहित पाकिस्तानका प्रमुख सैन्य प्रतिष्ठानहरूमा हवाई आक्रमण गरेको बताएको छ।

सामाजिक सञ्जाल एक्स मार्फत मन्त्रालयले अफगान वायुसेनाले महत्वपूर्ण पाकिस्तानी सैन्य सुविधाहरूलाई लक्षित गरी हवाई आक्रमण“ गरेको बताएको हो।

विज्ञप्तिमा आक्रमणमा रावलपिन्डीको नुर खान एयरबेस, क्वेटा, बलुचिस्तानको १२ औं ब्रिगेड बेस र खैबर पख्तुनख्वाको मोहमण्ड एजेन्सीको खोइजाई क्याम्पका साथै अन्य प्रमुख सुविधाहरू तथा सैन्य स्थलहरू समावेश रहेको जनाइएको छ।

तस्विरहरूले चारवटा पाकिस्तानी हवाई अड्डाहरूमा आक्रमणबाट भएको क्षति देखाएको छ। जसमा रावलपिन्डीको नुर खान एयर बेस, सरगोडाको पिएएफ बेस मुशफ, भोलारी एयर बेस, र ज्याकोबाबादको पिएएफ बेस शाहबाज रहेका छन्।

यसैबीच, अफगान रक्षा मन्त्रालयले पनि पाकिस्तानी सेनाले काबुल, बगराम र अन्य क्षेत्रहरूमा गरेको हवाई आक्रमणको बदलामा अभियान सुरु गरिएको बताएको छ। “प्रारम्भिक जानकारी अनुसार, यी आक्रमणहरूले उल्लेखित लक्ष्यहरूमा ठूलो क्षति पुर्‍याएको छ। अपरेसन पाकिस्तानी सेनाले काबुल, बगराम र केही अन्य क्षेत्रलाई लक्षित गरी गरेको हवाई आक्रमणको जवाफमा गरिएको जनाइएको छ।

थप आक्रमण वृद्धि विरुद्ध चेतावनी दिँदै मन्त्रालयले अफगान हवाई क्षेत्रको नियम उल्लङ्घनलाई कडा जवाफ दिइने बताएको छ।

सीमापार आक्रमणको हालैका रिपोर्टहरूले दुई छिमेकी देशहरू बिचको तनावमा तीव्र वृद्धि भएको सङ्केत गर्दछ।

# बस र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु, एक गम्भीर घाइते

**दैनिक समाचारदाता**
**सिरहा, १८ फागुन ।**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको गोलबजार नगरपालिका-३ जमनटोकी नजिक आइतबार राति बस र मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । मृत्यु हुनेमा धनगढीमाई नगरपालिका-८ का ३७ वर्षीय सन्तोष महतो र २० वर्षीय अमन राय रहेका छन् ।

गोलबजारबाट पूर्वतर्फ जाँदै गरेको स५प ४७५९ नम्बरको मोटरसाइकल र धरानबाट भैरहवातर्फ जाँदै गरेको लु२ख १०८५ नम्बरको बस ठोक्किँदा गम्भीर घाइते भएका उनीहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जानकारी दिए ।

दुर्घटनामा परी १७ वर्षीय धिरज मण्डल सख्त घाइते भएका छन् । प्रहरीको अनुसार मृतक र घाइते तीनै जना एउटै मोटरसाइकलमा सवार थिए । घाइते मण्डलको हाल विराटनगरमा उपचार भइरहेको छ भने मृतकहरूको शव पोष्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा राखिएको छ ।

प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# भारत सरकारद्वारा ३० थान ‘वान टन’ सवारी हस्तान्तरण

पर्सा, १८ फागुन (रासस) ।

भारत सरकारद्वारा प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी ३० थान वान टन सवारी हस्तान्तरण गरेको छ ।

वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासमा सोमबार यहाँ आयोजित कार्यक्रममा महावाणिज्यदूत देवी सहाय मिनाले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ३० थान वान टन क्षमताका ट्रक तथा अन्य निर्वाचन सामग्री औपचारिक रूपमा हस्तान्तरण गर्नुभएको हो ।

नेपाल सरकारको आग्रहअनुसार आगामी निर्वाचनको तयारीलाई सघाउन उक्त सहयोग उपलब्ध गराइएको दूतावासले जनाएको छ । पर्साका प्रजिअ दाहालले समयमै निर्वाचनसम्बन्धी सामग्री हस्तान्तरण गरेकामा भारत सरकारप्रति आभार व्यक्त गर्नुभयो ।

यसअघि, भारत सरकारले निर्वाचन सहयोगअन्तर्गत ५८० थान भन्दा बढी सवारीसाधन तथा अन्य सामग्री नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको छ ।

# ‘मौन अवधि’ के हो ? मौन अवधि उल्लङ्घन भए के कारबाही हुन्छ ?

काठमाडौँ, १६ फागुन (रासस) ।

आसन्न प्रतिधिसिभा सदस्य निर्वाचनअन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि सोमबार मध्यरातदेखि सकिँदैछ । निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमबाररराति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको छ ।

मतदान हुनु ४८ घण्टाअघिबाट मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन । मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुलगायतका त्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ ।

मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो ।

निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ ।

मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्वपूर्ण रहन्छ ।

निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति ‘फ्रेस’ भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो ।

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ । मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ । यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ । विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ ।

भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले ‘योग्य र रोजेको’ उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउनुहुन्छ ।

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ । मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ ।

सो अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन । त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन ।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजचार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् ।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।

# मंगलबार ग्रस्तोदितखण्डग्रास चन्द्रग्रहण

काठमाडौँ, १८ फागुन (रासस) ।

फाल्गुन शुक्ल पूर्णिमाका दिन मङ्गलबार बेलुकी ग्रस्तोदितखण्डग्रास (उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार ग्रहणले मङ्गलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग)मा उल्लेख गरिएको छ । चन्द्रग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो । बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ । बेलुकी ७ बजेर २ मिनेटमा चन्द्रग्रहण सकिन्छ । नेपालबाट करिब एक घण्टा चन्द्रग्रहण देखिनेछ ।

पृथ्वीले सूर्यलाई पूर्ण रूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्रग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्रग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो । यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्रग्रहण लागेको थियो । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ ।

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उहाँले बताउनुभयो ।

मङ्गलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ ।

**विशेष उपकरणविना नै हेर्न सकिन्छ चन्द्रग्रहण**

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्रग्रहण र दुई सूर्यग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने भोलिको चन्द्रग्रहण खण्डग्रास चन्द्रग्रहणका रूपमा देखिनेछ । मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्रग्रहण प्रष्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीले जनाएको छ । चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन ।

मङ्गलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ०७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्रग्रहण मौसमले साथ दिएमा प्रष्ट रुपले हेर्न सकिनेछ । सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो । ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिनेछ । चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उहाँले बताउनुभयो ।

पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ । यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बीचमा पर्न जान्छ, तव पृथ्वीको छाँया चन्द्रमामा पर्दछ । चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाँले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्रग्रहण भनिन्छ । सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औँसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्रग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब ५ डिग्रीको कोण बनाएको हुन्छ । यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई बिन्दुमा काटेको हुन्छ । यी दुई बिन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उहाँले बताउनुभयो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*